नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, आषाढ २७ गते २०२९ साल [संख्या १३

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालय

हातहतियार खरखजाना (पहिलो संशोधन) नियमावली २०२९

हातहतियार खरखजाना नियमावली २०२८ (यसपछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ को सरकारले हातहतियार खरखजाना ऐन २०१९ को दफा २६ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त सबै अधिकारको प्रयोग गरी देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस नियमावलीको नाम हातहतियार खरखजाना (पहिलो संशोधन) नियमावली २०२९ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम ११ मा संशोधनः– (१) मूल नियमावलीको नियम ११ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

११. नवीकरण (रिन्युवल) गर्ने अधिकारीः– (१) देहाएको इजाजतपत्र नवीकरण (लाईसेन्स रिन्यु) गर्ने अधिकारी देहायबमोजिमका हुने छन्ः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।